त्रिभुवन विश्वविद्यालय

परीक्षा नियन्त्रण कार्यालय,बल्खु

**४ वर्षे स्नातक तह वी.एफ.ए.चौथो वर्षको नियमित र आँशिक परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फारम भर्नेसूचना**

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०७९ को ४ वर्षे स्नातक तह वी.एफ.ए.चौथो वर्षको परीक्षा दिने नियमित तथा आँशिक परीक्षार्थीहरुले आ-आफ्नो क्याम्पसमा मिति २०७९ साल फाल्गुन १० गते सम्ममा नियमित परीक्षा आवेदन फारम भरि बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) परीक्षा आवेदन फारम सम्बन्धमा :-**

**क**) परीक्षा आवेदन फारम स्वयं विद्यार्थीले भरि सबै प्रक्रिया पुर्‍याइ आफैले सम्वन्धित कार्यालयमा बुझाउनुपर्नेछ । यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का. जवाफदेही हुने छैन ।

**ख**) ४ वर्षे स्नातक तह २०७१ सालमा भर्ना भइ २०७२ मा प्रथम पटक प्रथम वर्षको परीक्षा दिएकाहरुका लागि यो अन्तिम पटकको परीक्षा हुनेछ ।

**ग**) नियमित वाहेक सबै परीक्षार्थीहरुले परीक्षा आवेदन फारम माथि अघिल्लो पटकको रो.नं. अनिवार्यरुपमा उल्लेख गर्नुपर्नेछ ।

**घ**) परीक्षा आवेदन फारम भर्नको लागि हालसालै खिचेको (साधारण पोसाकमा ) पासपोर्ट साइजको २ प्रति फोटो आवश्यक पर्नेछ ।

**ङ**) परीक्षा संचालन अवधि सम्म प्रवेशपत्रको प्रतिलिपि लिन परेमा परीक्षा आवेदन फारममा प्रयोग भए अनुसारको फोटो नै पेश गर्नुपर्नेछ ।

**२) परीक्षा आवेदन फारम भर्ने म्याद र शुल्क सम्बन्धमा:-**

**क**) क्याम्पसहरुले अन्तिम मितिको २ दिनभित्र परीक्षा आवेदन फारमको बैंक भौचर सहित अनिवार्यरुपमा त्रि.वि.प.नि.का.बल्खूमा बुझाई सक्नुपर्नेछ ।

ख) परीक्षा फारमहरु बुझाउदा संम्वन्धित प.नि.का.मा वैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फारम रुजु गराएर सम्वन्धित शाखामा बुझउनु पर्नेछ ।

**३) परीक्षा शुल्क सम्वन्धमा:-**

| | |
|---|---|
| **क**) नियमित/आँशिक परीक्षार्थीका लागि खण्ड | रु ४७०/- |
| **ख**) परीक्षा आवेदन फारम शुल्क | रु ६०/- |
| **ग**) परीक्षा केन्द्र शुल्क प्रति खण्ड | रु १००/- |
| **घ**) प्रयोगात्मक परीक्षा प्रति खण्ड विषयका लागि शुल्क | रु १५०/- |
| **ङ**) दुइ वा सोभन्द बढी विषयका लागि प्रयोगत्मक शुल्क | रु २७५/- |

**४) परीक्षा शुल्क बुझाउने सम्वन्धमा::-**

क्याम्पसहरुले त्रि.वि.कीर्तिपुर/बल्खु परिसर भित्र रहेका ग्लोवल आई.एम.ई.वैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० मा अथवा नेपाल वैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००० मा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरी प.नि.का.को नाममा रकम जम्मा गरेको वैंक भौचर सहित फारम कार्यालयमा पेश गर्नुपर्नेछ ।

परीक्षा नियन्त्रक